**विश्व बैंक जवाफदेहिता संयन्त्र विवाद समाधान सेवा (डीआरएस)**
**फलोअप प्रतिवेदन : मुद्दा नम्बर 21/04/DRS**
*नेपाल–भारत विद्युत् ् प्रसारण तथा व्यापार आयोजना (P115767) र*
*यसका लागि थप आर्थिक स्रोत (P132631) ("NIETTP")*

**अगस्ट २६, २०२४**

## १. निवेदन र प्रक्रियाको सारांश

विश्व बैंकको नेपाल–भारत विद्युत् प्रसारण तथा व्यापार आयोजना (NIETTP) र यसका लागि थप आर्थिक स्रोतले भारत र नेपालबीचको विद्युत् व्यापारलाई सहज बनाउँदै दुई देशबीच करिव १००० मेगावाटको अन्तरदेशीय प्रसारण क्षमता स्थापना गर्ने र नेपालमा विद्युत् आपूर्ति बढाउन कम्तीमा १०० मेगावाटको दिगो आयात गर्ने लक्ष्य लिएको छ।

सन् २०२१ अक्टोबरमा नेपालका आदिवासीहरूको मानवअधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप) लाई दर्ता चरणमा आफ्नो प्रतिनिधि राख्दै आयोजना क्षेत्रमा बसोबास गर्ने समुदायका ४८ जना सदस्यहरू ("अनुरोधकर्ताहरू")[1] द्वारा निरीक्षणका लागि अनुरोध पेश गरिएको थियो। अनुरोधकर्ताहरूले आफ्नो परिचय गोप्य राख्न आग्रह गरेका थिए।

उक्त अनुरोध आयोजनाको लगानीमा बन्ने भरतपुर र बर्दघाट बीचको ७४ किलोमिटर लामो प्रसारण लाइन निर्माणको विशेषगरी काठमाडौँबाट करिव २०० किलोमिटर पश्चिममा रहेको विनयी त्रिवेणी गाउँपालिकाको वडा नम्बर २ को खण्डसँग सम्बन्धित छ। अनुरोधकर्ताहरूले भनेअनुसार, प्रसारण लाइनको मार्ग परिवर्तन गरिएकाले हाल उक्त प्रसारण लाइन आदिवासी र गैरआदिवासी बासिन्दाहरू बसोबास गर्ने घना बस्ती भएको समुदायबीचबाट पार हुन्छ। उनीहरूले आफूहरूसँग न त अर्थपूर्ण परामर्श गरिएको र न त आयोजनाको बारेमा कुनै जानकारी दिइएको दाबी गर्दै, प्रसारण लाइनको हालको मार्गले समुदायका सदस्यहरूको घर, विद्यालय, सांस्कृतिक तथा धार्मिक स्थल, खेतीयोग्य जग्गा, वातावरण र आर्थिक गतिविधिमा प्रतिकूल असर पर्नुका साथै, उनीहरूको स्वास्थ्य र सुरक्षालाई खतरामा पारेको आरोप लगाएका छन्। अनैच्छिक पुनर्वासको सन्दर्भमा, अनुरोधकर्ताहरू यी कुरामा चिन्तित छन् अ) टावर प्याडहरूका लागि अधिग्रहण गर्न प्रस्ताव गरिएका जग्गा, र आ) प्रसारण लाइन मार्गको ३० मिटर चौडा मार्गाधिकार वरपर सम्भावित रूपमा प्रभावित हुने जग्गा। अनुसन्धानका लागि निरीक्षण प्यानलले गरेको सिफारिसलाई मार्च २०२२ मा IBRD सञ्चालक समिति ("बोर्ड") ले अनुमोदन गऱ्यो।

६ मार्च, २०२२ मा एएम रिजोल्युसन २०२० (AM Resolution (2020))को अनुच्छेद ११(क) र प्यानल रिजोल्युसन २०२० (Panel Resolution (2020)) को अनुच्छेद ३० अनुसार, जवाफदेहिता संयन्त्रका सचिवद्वारा यस मुद्दाका अनुरोधकर्ताहरू र ऋणी ("पक्षहरू") लाई विवाद समाधानको विकल्प प्रस्ताव गरियो। दुवै पक्षबाट प्रारम्भिक रुचिको अभिव्यक्ति पछि डीआरएसको सहयोगमा संयन्त्र सचिवद्वारा नेपालमा व्यक्तिगत मिसन भएको थियो जसको उद्देश्य पक्षहरू, उनीहरूका प्रतिनिधिहरू र सल्लाहकारहरूसँग प्रत्यक्ष भेटघाट गर्नु तथा विवाद समाधानका विकल्प ("विवाद समाधान निर्णय चरण") बारे व्याख्या गर्नु रहेको थियो। यो अवसर प्रदान गर्नाले पक्षहरूलाई प्रश्नहरू सोध्न र डीआरएसद्वारा सहजीकरण गरिएको विवाद समाधान प्रक्रियामा प्रवेश गर्ने कि नगर्ने भन्ने बारे सुसूचित विकल्प रोज्ने अवसर प्राप्त भयो। पक्षहरूलाई त्यतिबेला लागू रहेको डीआरएस अन्तरिम कार्यसञ्चालन विधि (२०२१) को नेपाली अनुवाद पनि उपलब्ध गराइयो। अप्रिल २०२२ मा जवाफदेहिता संयन्त्रको डीआरएसले सहजीकरण गरेको विवाद समाधान प्रक्रियामा स्वेच्छिक रूपमा भाग लिन अनुरोधकर्ताहरू र नेपाल सरकार सहमत भए। नेपाल विद्युत प्राधिकरणले उक्त आयोजना कार्यान्वयनका लागि जिम्मेवार निकायका हैसियतमा नेपाल सरकारको प्रमुख प्रतिनिधिको भूमिका निर्वाह गरेको थियो।

---

[1] निरीक्षण प्यानलले अनुरोधमा ४९ जना हस्ताक्षरकर्ताहरू दर्ता गऱ्यो। त्यसको समीक्षा गर्दा एउटा नाम दुई पटक उल्लेख गरिएको पाइयो, जसले मूल अनुरोधकर्ताहरूको संख्या ४८ हुन पुगेको थियो।

विवाद समाधान प्रक्रियाको शुरुवात मेलमिलापकर्ता टोलीको चयन र नियुक्तिबाट भएको थियो । प्रस्तावित मेलमिलापकर्ताहरूको योग्यता र अनुभवको मूल्याङ्कन गरेर, अन्तर्वार्ता लिएर, अनि ती उम्मेदवारहरूलाई अस्वीकार वा स्वीकार गर्न सकिने गरी डीआरएस र पक्षहरू बीचको गहन परामर्श प्रक्रिया पछि अपर्णा मुखर्जी र शहरियार सदातको दुई सदस्यीय सह-मेलमिलापकर्ता टोलीलाई पक्षहरूले स्वीकृत गरे । अतिरिक्त परामर्शदाताहरूले डीआर प्रक्रिया र सहजीकरण अवधिभर भाषा अनुवाद र प्रबन्धमा सहयोग प्रदान गरे ।

त्यसपछि पक्षहरूले अङ्ग्रेजी र नेपाली दुवै भाषामा उपलब्ध गराइएको विवाद समाधान ढाँचाबारे छलफल, वार्ता र सहमति गरेर हस्ताक्षर गरे । उक्त विवाद समाधान ढाँचामा विवादका पक्षहरू; मेलमिलापकर्ताहरूको चयन ;समाधान गर्नुपर्ने मुख्य सवालहरूको क्षेत्र; प्रतिनिधित्व तथा सल्लाहकार एवं विज्ञहरूको सहभागिता; पर्यवेक्षकको हैसियतमा उपस्थित हुने अनुमति; उद्देश्यहरू; र विवाद समाधान प्रक्रियाभरी पालना गर्नुपर्ने आधारभूत नियमहरू लगायतका विषय सामेल थिए । विश्वासको वातावरण सिर्जना गर्न र खुला छलफललाई सहज बनाउन पक्षहरू, सरोकारवालाहरू, सल्लाहकारहरू र पर्यवेक्षकहरूले गोपनीयताको सिद्धान्त पालना गर्न सहमत भए । विवाद समाधान प्रक्रियाको क्रममा पक्षहरूले बताएका कुनै पनि जानकारी पक्षहरूको सहमति बिना खुलासा नगर्न पनि डीआरएस सहमत भयो ।

सवाल र दृष्टिकोणहरू बुझ्न, साथै विश्वास र सम्बन्ध निर्माण गर्न पक्षहरू र अन्य सरोकारवालाहरूसँग मेलमिलापकर्ताहरूले छुट्टाछुट्टै बैठकहरू गरेर मेलमिलाप प्रक्रियाको शुरुवात भयो । मेलमिलापकर्ताहरूले पक्षहरूका लागि क्षमता विकासका अनौपचारिक सत्रहरू पनि संचालन गरे । प्रक्रिया प्रतिको विश्वास बढ्दै गएपछि र पक्षहरूबीचको सञ्चार र विश्वासमा सुधार हुँदै भएपछि मेलमिलाप टोलीले संयुक्त बैठकहरू सहजीकरण गर्न थाले । सम्पूर्ण प्रक्रियाभरिमा मेलमिलापकर्ताहरूले दुवै पक्षका कुरा ध्यानपूर्वक सुने र उनीहरूको लक्ष्य, प्राथमिकता र आधारभूत आवश्यकता तथा चासोलाई बुझ्ने प्रयास गरे । उनीहरूले पक्षहरूलाई सम्झौताका वार्ताका लागि रणनीति तथा सम्भावित परिघटनाका लागि योजना बनाउन, सान्दर्भिक तथ्यांक र सूचनाहरू संकलन तथा आदानप्रदान गर्न, आपसी समझदारी बढाउन र उनीहरूले एकअर्काका कुरा सुन्ने र सञ्चार गर्ने तरिकामा सुधार ल्याउन, प्रस्तावहरू र प्रति-प्रस्तावहरू तयार गर्न, विकल्पहरू विश्लेषण गर्न, र अन्ततः उनीहरूबीचको लिखित सम्झौताको मस्यौदा तयार गर्न मद्दत गरे । संवादका लागि सुरक्षित र सहज वातावरण सुनिश्चित गर्न आवश्यक ठहर भएको अवस्थामा संयन्त्र सचिवले बेलाबेलामा मिसन पनि संचालन गरिन् ।

जवाफदेहिता संयन्त्रको प्रस्तावना र डीआरएस अन्तरिम कार्यसञ्चालन विधिमा प्रावधान भएअनुसार यस प्रक्रियामा पर्यवेक्षकको रूपमा बैंक व्यवस्थापनलाई आमन्त्रित गर्ने विकल्पबारे पक्षहरूलाई जानकारी गराइएको थियो । यस विकल्पलाई दुवै पक्षले संयुक्त रूपमा रोजेका थिए र डीआरएसको निमन्त्रणालाई स्वीकार्दै बैंक व्यवस्थापनले यस प्रक्रियाका उपयुक्त एवं महत्त्वपूर्ण क्षणहरूमा पर्यवेक्षकको रूपमा सहभागिता जनायो । आवश्यक भएको अवस्थामा बैंक व्यवस्थापनले परियोजनासम्बन्धित जानकारीहरू उपलब्ध गराउनुका साथै डीआरएस र जवाफदेहिता संयन्त्र सचिवलाई नेपाली राजनीतिक र सांस्कृतिक सन्दर्भ, NIETTP परियोजनाका प्राविधिक पक्षहरू र बैंकको सुपरिवेक्षण भूमिकालाई राम्रोसँग बुझ्न मद्दत गर्‍यो ।

डीआरएसद्वारा गरिएको एक वर्ष लामो मेलमिलाप कार्य पछि २०७९ साल चैत २८ गते (११ अप्रिल २०२३) मा पक्षहरूले विवाद समाधान सम्झौता ("सम्झौता") मा हस्ताक्षर गरे । सन् २०२० मा बोर्डद्वारा निर्माण गरिएको जवाफदेहिता संयन्त्र संरचना अन्तर्गत पहिलोपटक यस्तो परिणाम प्राप्त भएको हो । नेपाल विद्युत प्राधिकरण र परियोजना क्षेत्रका प्रभावित समुदायका ६३ जना सदस्यहरूले उक्त सम्झौतामा हस्ताक्षर गरे । पक्षहरूको अनुरोधमा विवाद समाधान सम्झौतालाई गोप्य राखिने सहमति भएको थियो ।[2] २०८० साल बैशाख १४ गते (२७ अप्रिल २०२३) मा निरीक्षण प्यानलले एउटा सूचना जारी गर्दै यस मुद्दाको समापन घोषणा गर्‍यो । पक्षहरूको अनुरोधमा र उनीहरूसँगको निकट परामर्शमा डीआरएसले अन्तरिम कार्यसञ्चालन विधिको धारा १७ अनुसार सम्झौता कार्यान्वयनको फलोअप अनुगमन गर्‍यो । यो प्रतिवेदन त्यहि प्रक्रिया र त्यसका परिणामबारे सार्वजनिक जानकारी पनि हो ।

---

[2] विवाद समाधान प्रक्रियाबारे थप जानकारीका लागि, अप्रिल २०२३ को विवाद समाधान सम्झौताबारे सूचना हेर्नुहोस्

## २. फलोअप र कार्यान्वयन

### २.१ प्रक्रिया

सम्झौताका सर्तहरूको कार्यान्वयनको नियमित जानकारी प्राप्त गर्न फलोअप अवधिभरि डीआरएस टोलीले दुवै पक्षसँग नियमित भेटघाट र सम्पर्क गरेको थियो। पक्षहरूले कहिलेकाहीं कार्यान्वयनमा कुनै कठिनाइको सामना गर्दा, कसरी अगाडि बढ्ने भन्नेबारे सहमतिमा पुग्न पक्षहरूको अनुरोधमा उनीहरू बीचको संवादलाई सहजीकरण गरिएको थियो। पक्षहरूले गोपनियताका लागि अनुरोध गरेका कारण कार्यान्वयनका सर्तविशेषलाई यस प्रतिवेदनमा समावेश गरिएका छैनन्।

### २.२ चुनौतीहरू

विवाद समाधान सम्झौतामा हस्ताक्षर हुनुभन्दा केही समय अघि, प्रसारण लाइनको मार्गाधिकार परिवर्तनको माग गर्ने एक परिवारसहित केही अनुरोधकर्ताहरूले विवाद समाधान प्रक्रिया छाड्ने निर्णय गरे र विवाद समाधान सम्झौतामा हस्ताक्षर गरेनन्।[3] सम्झौतामा हस्ताक्षर नगर्नेहरूले पनि सुधारिएको सर्तहरूबाट लाभ लिन सक्ने व्यवस्था गरियो र उनीहरूले बुटवल ग्रिड डिभिजनबाट क्षतिपूर्ति लिन सक्छन्।

सम्झौताका सर्तहरू अन्तर्गत सामुदायिक विकास केन्द्रका लागि जग्गा खरिद र भवन निर्माणमा समन्वय र अनुगमनका लागि स्थापित स्थानीय सामुदायिक उपभोक्ता समूहविरुद्ध भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग (https://ciaa.gov.np/) मा सन् २०२३ को अन्त्यतिर उजुरी दर्ता गरिएको थियो। आयोग नेपालमा सरकारी रकमसम्बन्धी भ्रष्टाचारका उजुरीहरू माथि छानविन गर्ने कार्यादेश पाएको एउटा संवैधानिक निकाय हो। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ३० अक्टोबर २०२३ मा यसबारे छानबिन गरी आवश्यक कागजात पेश गर्न विनयी त्रिवेणी गाउँपालिकालाई पत्र पठाएको र त्यसको पालना गरिएको जानकारी डीआरयसलाई गराईएको थियो। आजसम्म आयोगले त्यस सम्बन्धमा कुनै निर्णय गरेको छैन।

आन्तरिक असहमति र अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी दर्ता भएका कारण सामुदायिक सन्तुलन प्रभावित भएको छ। उनीहरू बीचको सम्बन्ध मिलाउन र सुधार गर्नमा सहयोगका लागि डीआरएसले समुदायलाई आफ्ना तटस्थ सेवा उपलब्ध गराउने विकल्प उपलब्ध गराए पनि तर समुदायले स्थितिलाई आन्तरिक रूपमा आफैँ सम्बोधन गर्न चाहे। तथापि डीआरएसले दुवै पक्षसँग यस सम्झौता उनीहरूको परस्पर सन्तुष्टिका साथ कार्यान्वयन भएको सुनिश्चित गऱ्यो र त्यसपछि मात्रै डीआरएस फलोअप चरण समापन गर्ने तर्फ अगाडि बढ्यो।

## ३. परिणामहरू

### ३.१ विवाद समाधान सम्झौता

विवाद समाधान प्रक्रियाको क्रममा मूल अनुरोधमा उल्लेख भएका र फेब्रुअरी १६, २०२२ मा निरीक्षण प्यानलले प्रस्तुत गरेको प्रतिवेदन र सिफारिसमा भएका सबै मुद्दाहरूको सोधखोज र छलफल गरियो, र केही अवस्थामा पक्षहरूद्वारा ढाँचामा परिवर्तन गर्ने र पुन: प्राथमिकिकरण गर्ने काम भयो। निरीक्षण प्यानल प्रतिवेदनमा योग्य ठहर गरिएका सबै मुद्दाहरूलाई पक्षहरूद्वारा विस्तृत वार्ताका क्रममा सम्बोधन गरिएको थियो। सम्झौता भित्रका निर्दिष्ट सर्तहरू गोप्य राख्नमा दुवै पक्ष सहमत भएपनि सम्झौतामा निम्नलिखित विषयसँग सम्बन्धित प्रावधान र प्रतिबद्धताहरू समावेश छन् भन्ने कुरा भने सार्वजनिक गर्न सकिने अनुमति उनीहरूले दिएका छन् :

- स्वास्थ्य एवं सुरक्षा :- सम्बन्धित टावर र प्रसारण लाइनको निर्माण कार्य प्रारम्भ गर्नुअघि सुरक्षाका सबै उपायहरू अपनाउने र विद्युतीकरण अगावै यी टावर वरिपरि तारबारहरू निर्माण गर्ने। प्रसारण लाइनबाट कुनै क्षति भएमा मार्गाधिकारको ३० मिटर भित्र

---

[3] ४८ जना मूल अनुरोधकर्तामध्ये ३३ जनाले सम्झौतामा हस्ताक्षर गरे। क्षतिपूर्ति पाएकाले चारले प्रक्रियामा भाग लिएनन्। विदेशमा बस्ने भएकाले दुईजना सहभागी भएनन् र हस्ताक्षर पनि गरेनन्। अनुरोधमा हस्ताक्षर गर्ने एकै परिवारका नौ जना सदस्यले प्रक्रिया छोडेर सम्झौतामा हस्ताक्षर नगर्ने निर्णय गरे। साथै समुदायका अन्य ३० सदस्यले प्रक्रियामा सामेल हुँदै सम्झौतामा हस्ताक्षर गरे। अन्तत: समुदायका ६३ जनाले सम्झौतामा हस्ताक्षर गरेका थिए।

वा बाहिरका पीडित वा तिनका उनका परिवारलाई क्षतिपूर्ति दिइनेछ र त्यस्ता अवस्थाबारे सूचित गर्न सम्पर्क विवरणहरू उपलब्ध गराइएको छ ।

- क्षतिपूर्ति : जग्गाधनी पुर्जा भएका र नभएका दुवै प्रकारका जग्गाधनीहरू लगायतलाई पुनर्वास कार्ययोजना २०७७ अनुरूप जग्गा र संरचनाहरूको लागि क्षतिपूर्तिको भुक्तानी दिइने ।
- बैंक ऋणका लागि सहयोग : ३० मिटर मार्गाधिकार भन्दा बाहिरको जग्गामा ऋण उपलब्ध गराउन बैंकहरूलाई सामान्य सिफारिस पत्र उपलब्ध गराएर जग्गालाई बैंकमा धितोको रूपमा प्रयोग गर्नुपरेमा हस्ताक्षरकर्ताहरूलाई सहयोग प्रदान गर्ने । यदि कुनै निश्चित बैंकबाट ऋण लिनको लागि सिफारिस पत्र उपलब्ध गराइदिन कुनै व्यक्तिगत अनुरोध प्राप्त भएमा त्यस्तो निवेदन प्राप्त भएको १५ दिन भित्र सो पत्र उपलब्ध गराउने ।
- सान्दर्भिक सूचनाको खुलासा र आदानप्रदान । चेक सर्भे र टावर स्केज्युलका फोटोहरू उपलब्ध गराइने र अनुरोधकर्ता/हरूबाट अनुरोध प्राप्त भएमा प्रसारण लाइन र मार्गाधिकारसँग सम्बन्धित तथ्यांक उपलब्ध गराइने सहमति ।
- सामुदायिक विकास : तालिम कार्यक्रम जस्ता पहलहरू र नयाँ सामुदायिक केन्द्र भवन निर्माण गरिने । उपलब्ध सीप तालिम र प्रभावित समुदायले कुन विशेष सीप तालिम प्राप्त गर्न चाहन्छ भन्नेबारे पक्षहरू बीच जानकारी आदानप्रदान गरिने । अनुरोधकर्ताहरू द्वारा छनौट गरिएको सीप विकास तालिम प्रदान गरिने । सामुदायिक विकास परियोजनाका लागि स्थानीय उपभोक्ता समूह मार्फत अनुरोधकर्ताहरूले निर्णय गर्ने र स्थानीय उपभोक्ता समूह मार्फत कोष परिचालन गर्ने ।
- सम्झौतापश्चात् समन्वय: सञ्चार र समन्वयमा सहजताका लागि प्रत्येक पक्षबाट सम्पर्क व्यक्ति नियुक्ति ।

सम्झौताको एक अंशका रूपमा सामुदायका हस्ताक्षरकर्ताहरूले प्रसारण लाइन पूरा गर्न प्राधिकरणले गर्ने काममा बाधा नपुऱ्याउने वा अवरोध नगर्ने सहमति गरे ।

परियोजना प्रभावित ६५ जना (मार्गाधिकारको जग्गा का लागि ४३, संरचनाका लागि १७, टावर प्याडका लागि ५ जना) व्यक्तिले क्षतिपूर्ति पाएको डीआरएसले दुवै पक्षहरूसँग पुष्टि गऱ्यो । यो प्रतिवेदन लेख्ने समयसम्म समदायका एक जना सदस्यले आफ्नो क्षतिपूर्तिको ५० % मात्र पाएका थिए किनभने उनले प्रभावित संरचना भत्काएका थिएनन् । फेब्रुअरी २०२४ मा डीआरएसद्वारा आयोजित संयुक्त बैठकमा नेविप्राका अधिकारीहरूले समुदायका ती सदस्यलाई उक्त संरचना भत्काएपछि मात्र बाँकी क्षतिपूर्ति प्रदान गरिने जानकारी दिएका थिए । सहमति भएका सुरक्षा उपायहरू टावरहरू वरिपरि राखिएको डीआरएसले समुदायसँग पुष्टि गऱ्यो । पक्षहरू बीचको सञ्चार र सम्झौताको कार्यान्वयनमा सहजता ल्याउनका लागि सम्पर्क व्यक्तिहरू नियमित रूपमा सम्पर्कमा रहेका छन् । तालिमका प्रकारहरूमा सहमति भएको (जस्तै माहुरीपालन, अचार बनाउने र रेस्टुरेन्टमा पकाउने/केटरिंग गर्ने) र सामुदायिक विकास परियोजनाहरूका लागि आंशिक रूपमा कोष निकासा गरिएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दर्ता गरिएको उजुरीका कारण केही सामुदायिक विकासका परियोजनामा ढिलाइ भएको छ ।

फेब्रुअरी ८, २०२४ मा भएको डीआरएस टोलीसँगको बैठकमा नेविप्राले भरतपुर-बर्दघाट प्रसारण लाइन आयोजना आर्थिक वर्षको अन्त्यमा जुलाई १५, २०२४ मा बन्द हुने पुष्टि गरेको थियो । प्राधिकरणले परियोजना बन्द भएपछि क्षतिपूर्ति र सीपमुलक तालिमको लागि खर्चको दाबी लगायत परियोजनाका सबै बाँकी बिषयलाई सञ्चालन विभागमा पठाइने डीआरएसलाई बताएको थियो । साथै आयोजना बन्द भएको ६ महिनाभित्र आयोजनाको लेखापरीक्षण गरिनेछ । दाबी नभएको क्षतिपूर्ति रकम र सामुदायिक विकास आयोजनाहरू तथा तालिमका लागि निकासा नभएको रकम नेविप्रा बुटवल ग्रिड डिभिजनद्वारा व्यवस्थित गरिने खातामा स्थानान्तरण गरिनेछ । विनियोजन गरिएको रकमलाई स्थानीय उपभोक्ता समूहले अझै पनि प्राप्त गर्न सक्नेछ । योग्य रहेको समुदायका कुनै पनि सदस्यहरू जसले आफूलाई पाउनु पर्ने क्षतिपूर्ति दाबी गरेका छैनन् भने सम्झौतामा हस्ताक्षर नगरेको भएपनि बुटवल ग्रिड डिभिजनबाट क्षतिपूर्ति लिन सक्नेछन् ।

डीआरएसले पक्षहरू र सरोकारवालाहरूबाट प्रक्रियाका बारेमा प्रत्यक्ष प्रतिक्रिया लिने काम गरेको थियो जसमध्ये केही तल समावेश गरिएको छ । प्राप्त प्रतिक्रियाले सम्झौता कार्यान्वयनलाई सहजीकरण गर्न डीआरएसबाट थप सहयोगका लागि अनुरोध नगरिएको संकेत गऱ्यो ।

### ३.२ पक्षहरूको सशक्तिकरण र सम्बन्ध

मूर्त रूपमा रहेको विवाद समाधान सम्झौताका अतिरिक्त आपसी सञ्चारमा सुधार भएको, सूचनामा पहुँच बढेको, परस्पर सम्बन्ध सुधारिएको, पारदर्शिता र विश्वास बढेको जस्ता विवाद समाधान प्रक्रियामार्फत हासिल भएका थप परिणाम र फाइदाबारे पक्षहरूले डीआरएसलाई जानकारी गराए।

## ४. सिकाई/अनुभवहरू

**समुदायभित्रका आयामहरू।** डीआरएस तटस्थता तथा स्वैच्छिक सहभागिता र सहभागीहरूको विचारलाई सम्मान गर्ने सिद्धान्तहरूमा प्रतिबद्ध छ। तथापि, समुदायहरू एकरूप हुँदैनन् र समुदायमा सामान्यतया विभिन्न प्रकारका विचारहरूको उपस्थिति हुन्छ जसले गर्दा कहिलेकाहीँ आन्तरिक सहमतिमा पुग्न कठिनाइ हुन्छ। डीआरएसले प्रभावकारी रूपमा सहयोग प्रदान गर्नका लागि समुदायहरू भित्रको जटिल आन्तरिक आयाम र सम्बन्धहरू पहिचान गर्नु आवश्यक छ। नेपालको दुम्किबास समुदायको सन्दर्भमा डीआरएस टोलीले जटिल अन्तर-समुदाय संवादहरूलाई सम्बोधन गर्ने क्षमता भएका मध्यस्थकर्ताहरूलाई मनोनयन गरेर सकारात्मक कदम चाल्यो। डीआरएसले विवाद समाधान प्रक्रियामा सहभागी हुने र छोड्ने विकल्प रोज्ने दुवैलाई सहज संवादको अवसर प्रदान गऱ्यो। समुदायका सदस्यहरूले प्राय: आफ्ना विभेद र भिन्नताहरू व्यवस्थापन गर्न राम्रो साथसहयोग प्राप्त गरेको महसुस गरेको इंगित गरे। आफूले सामना गर्नुपरेका चुनौतीलाई स्वीकार गर्दै डीआरएस रचनात्मक संलग्नतामा केन्द्रित छ र समुदायहरूबीच मेलमिलाप सहजीकरण र सम्बन्धलाई सुदृढ गर्नप्रति समर्पित छ तथा समुदाय तथा नागरिक समाज संगठनहरूको क्षमताविकासका अवसरहरूलाई सुदृढ गर्ने आफ्नो कार्यलाई डीआरएसले निरन्तरता दिएको छ।

**सबै प्रमुख सरोकारवालाहरूको पहिचान गरी संलग्न गराउने।** धेरै अवस्थामा प्रत्यक्ष पक्षहरू वा उनीहरूका सल्लाहकारहरू नभएपनि प्रक्रिया तथा परिणाममा प्रभाव पार्नसक्ने र चासो राख्ने अन्य सरोकारवालाहरूलाई पनि संलग्न गराउनु महत्त्वपूर्ण हुन्छ। उदाहरणका लागि, नेपालको यस मुद्दामा यस प्रक्रियाको सफलताका लागि धेरै सरोकारवाला समूहहरूको साथसहयोग महत्त्वपूर्ण सावित भयो जसमा संघीय सरकारको अर्थ मन्त्रालय तथा गृह मन्त्रालय; जिल्ला, नगरपालिका र वडा स्तरमा रहेका स्थानीय सरकार; औपचारिक अनुरोधकर्ता नरहेका दुम्किबास समुदायका सदस्यहरू; र विश्व बैंक व्यवस्थापनलगायत समावेश छन्। प्रक्रियाको सुरुमा सबै नेपाली सरोकारवालाहरूको भूमिका वा प्रभावबारे डीआरएस सचेत नभएपनि यस प्रक्रियामा संलग्न हुँदै जाँदा त्यसबारेमा पनि सिकाइ भएको थियो।

डीआरएसले एक मानक अनुगमन तथा मुल्याङ्कन सर्वेक्षण डिजाइन गरेको छ, जुन प्राथमिक पक्षहरू, डीआरएस कर्मचारी र मेलमिलापकर्ताहरू, बैंक व्यवस्थापन, नागरिक समाज संगठन सल्लाहकारहरू, र विवाद समाधान प्रक्रियामा सहभागी अन्य सम्बन्धित सरोकारवालाहरूलाई उपलब्ध गराइन्छ। सर्वेक्षणको उद्देश्य आन्तरिक सिकाइलाई सहयोग पुऱ्याउन र डीआरएसले सेवाहरूमा कसरी निरन्तर सुधार ल्याउन सक्छ भन्नेबारे सल्लाह सुझाव सङ्कलन गर्नु हो। व्यक्तिगत सर्वेक्षण तथ्यांक गोप्य रहेको छ र उत्तरदाताहरूले आफ्नो नाम गोप्य राख्ने विकल्प रोज्न सक्छन्।

अन्तर्वार्ता र अनौपचारिक छलफलहरूमार्फत डीआरएसले विभिन्न सरोकारवालालाई यो प्रतिवेदनमा समावेश गर्न उनीहरूका धारणा र सिकाईहरूका लागि अनुरोध गरेको थियो। तीमध्ये केहीको सारांश तल प्रस्तुत गरिएको छ।

### ४.१ अनुरोधकर्ताहरू

डीआरएसको यस प्रतिवेदनमा आफ्ना विचारहरू समावेश गर्न दुई जना अनुरोधकर्ताहरू सहमत भए :

**श्री नन्दकुमारी गुरुङः**

*"हामीले सुरुमा डीआरएस प्रक्रियाबारे बुझेका थिएनौँ। समुदाय र विद्युत प्राधिकरणबीच लामो समयदेखि विवाद चलिरहेको थियो। यदि डीआरएस नभएको भए सायद हामी कहिल्यै सम्झौतामा पुग्ने थिएनौँ। डीआरएसले दुई पक्षबीच पुलको रूपमा काम गऱ्यो, जसले हामीलाई शान्तिपूर्ण तरिका र कुनै दबाबबिना सहमतिमा पुग्न मद्दत गऱ्यो। यस्ता विवादको समाधानका लागि डीआरएस महत्त्वपूर्ण र आवश्यक छ।*

*"यो मुद्दा वा यो संघर्षले भन्नुपर्दा मलाई व्यक्तिगत लाभ पनि पुगेको छ - यसले मलाई मेरो व्यक्तित्व र नेतृत्व क्षमता विकास गर्न मद्दत गऱ्यो। ठूला पदमा बसेका मानिसहरूसँग कुरा गर्न हामीले जानेका थिएनौँ, तर तपाईंहरूलाई भेटेपछि हामीले त्यो सिकेका छौँ। डीआरएसले हामीलाई अनुशासन सिकायो। अनुशासन भन्नाले मानिसहरूसँग बोल्ने, अन्तरक्रिया गर्ने, अर्को पक्षसम्म पुग्ने, असल आचरणको सीमाभित्र रहेर आफू कसरी प्रस्तुत हुने भन्ने सीपहरू सिक्यौँ।"*

**श्री प्रेम परियारः**
*"सुरुमा हामीलाई डीआरएस शब्दको अर्थ के हो भन्ने पनि थाहा थिएन। हामीलाई डीआरएसप्रति हिचकिचाहट थियो, टोलीसँग कुरा गर्ने भाषा त हामीसँग छैन भन्ने कुरामा चिन्तित थियौँ। तर अन्तरक्रिया र कुराकानी गर्दै जाँदा डीआरएसले मध्यस्थता गरेका धेरै बैठकहरू पछि हामी सबै एउटै परिवारका हौँ भन्ने अनुभव भयो।*

*"यो विवाद झण्डै १२ वर्षदेखि चलिरहेको थियो। त्यो अवधिमा धेरै जटिल अवस्था आए, धेरै आन्दोलनहरू भए, अदालतमा मुद्दा चल्यो। तर हामी निष्कर्षमा पुग्न असफल भयौँ। तर हामीले उजुरी दर्ता गरेपछि पक्षहरू बीच मेलमिलाप गराउन डीआरएस टोलीलाई नियुक्त गरियो। मेलमिलाप टोलीले दुई पक्षबीच पुलको रूपमा काम गऱ्यो। उनीहरूले दुई पक्षलाई एकै ठाउँमा आउने र संवाद गर्ने धेरै अवसरहरू जुटाउने काम गरे।*

*"डीआरएसले आफ्नो काम राम्रोसँग गरेको छ। डीआरएसले प्रक्रियाको सहजीकरण गर्दा हाम्रा मागहरूलाई सधैँ केन्द्रविन्दुमा राख्यो। हामी यसका लागि उहाँहरूलाई धन्यवाद दिन्छौँ।*

*"डीआरएस टोलीले हामीलाई सरकारी अधिकारीहरू र विद्युत प्राधिकारणका कर्मचारीहरूसँग कसरी कुराकानी गर्ने भन्नेबारेमा महत्त्वपूर्ण सीपहरू सिकायो। ती सीपहरूले हामीलाई बिना हिचकिचाहट कसैसँग पनि संवाद गर्न सक्ने बनाएकोछ। हामी हाम्रा चासोका विषयहरू स्पष्टसँग राख्न सक्छौँ। यो तालिमले हामीलाई भविष्यमा पनि उच्च पदमा रहेका व्यक्तिहरूसँग अन्तरक्रिया गर्न र आफ्ना कुराहरू राख्न मद्दत गर्नेछ भन्ने कुरामा विश्वस्त छु।"*

**४.२ ऋणी**
नेपाल विद्युत प्राधिकरण र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले विवाद समाधान सम्झौताको परिणामलाई स्वागत गरेका छन्। जवाफदेहिता संयन्त्र सचिवसँगको बैठकमा पूर्व ऊर्जा सचिव दिनेशकुमार घिमिरेले व्यक्त गर्नु भएको विचारः

*"समस्या जनताको थिएन - यो सरकारको समस्या थियो, त्यसैले म डीआरएससँग काम गर्न पाउँदा धेरै खुसी छु, किनभने यो प्रक्रियाले धेरै समस्याहरूको समाधान गऱ्यो, जुन हामी आफैँले मात्र गर्न सक्दैन थियौँ।"*

डीआरएस प्रक्रियामा सहभागी प्राधिकरण टोलीका दुई जना सदस्यहरू मेलमिलापसम्बन्धी तालिममा पनि सहभागी भए। तालिमले उनीहरूलाई विवाद समाधान प्रक्रिया राम्ररी बुझ्न र अन्य परियोजनाहरूमा विवाद निवारण र व्यवस्थापन गर्ने सीपहरू विकास गर्न मद्दत गरेको डिआरएसलाई बताए।

भरतपुर बर्दघाट प्रसारण लाइनको महत्त्वबारे प्राधिकरणका एक जना प्रतिनिधिले भने,

*"दुम्किवासका बासिन्दासँगको विवाद समाधान हुनुअघि नेपालको विभिन्न भागमा उत्पादित विद्युत् देशको बाँकी भागमा पुग्न सकेको थिएन र काठमाडौँमा लामो समयदेखि भइरहेको विद्युत् कटौती सजिलै अन्त्य हुन सकेको थिएन। वर्षाको मौसममा भारतमा गर्न सकिने ऊर्जा निर्यातबाट नेपालले आर्जन गर्नसक्ने अर्बौं रुपैयाँ गुमाइरहेको थियो। उच्च क्षमताको प्रसारण लाइन नहुँदा औद्योगिक कोरिडोरमा विद्युत् आपूर्तिमा बाधा पुग्नाले उत्पादन कार्य र अन्य उद्योगहरू पनि प्रभावित भएका थिए। भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइनको निर्माण सम्पन्न भएपछि प्रमुख नदी बेसिनबाट उत्पादित विद्युत् आपूर्ति गर्न सम्भव भएको छ भने त्यसका लागि भारतीय बजार पनि खुला हुन पुगेको छ। एनआइईटीटीपीको यस खण्ड सम्पन्न भएपछि ऊर्जा क्षेत्रमा थप लगानीलाई पनि प्रोत्साहित गरेको छ।"*

सिकाईहरूको सन्दर्भमा प्राधिकरणका अर्का कर्मचारीले भने,

*"प्राधिकरण र सरकारले समाधान वा क्षतिपूर्तिका प्याकेजबारे निणर्य गर्नु अघि आफूलाई प्रभावित व्यक्तिहरूको ठाउँमा राख्नुपर्छ। समानुभूतिले परियोजना प्रभावित जनताको आर्थिक सुरक्षाको संरक्षण र प्रवर्धन गर्नेछ। त्यसैकारण प्राधिकरणले विश्व बैंकसँगको सहकार्यमा आफ्ना परियोजना कर्मचारीहरूलाई मेलमिलापसम्बन्धी तालिम दिने कार्यक्रम परीक्षण गरिरहेको छ जसले एनआइईटीटीपीको हेटौंडा-ढल्केबर खण्डमा चलिरहेको विवाद समाधान गर्न मद्दत गर्नेछ भन्ने हामीले आशा गरेका छौँ।"*

नेपाल विद्युत प्राधिकरणले डीआरएससँगको अनुभवले उनीहरूलाई नीतिगत तहमा सुधार ल्याउन र प्रसारण लाइनको राइट अफ वेमा पर्ने जग्गाको मूल्याङ्कनसम्बन्धमा जनताका चासोहरूलाई सम्बोधन गर्न वित्तीय संस्थाहरूसँग सहकार्य गर्न प्रोत्साहित गरेको उल्लेख गरेको छ। विकास आयोजनाबाट प्रभावित जनतालाई बढी समतामूलक मुआब्जा प्रदान गर्न जग्गाको आकारभन्दा पनि उपयोगका आधारमा जग्गा वर्गीकरण गर्ने नयाँ नीतिहरू मन्त्रिपरिषद् तहमा छलफल भइरहेको उनीहरूले बताए। विकास आयोजनाबाट प्रभावित परिवारलाई लाभांश वितरण गर्ने सरकारको नयाँ नीतिले समुदायसँगको द्वन्द्व कम गर्ने र आयोजनाप्रति स्वामित्वको भावना बढाउने उद्देश्य रहेको उनीहरूको भनाइ छ।

**४.३ स्थानीय सरकार**

विनयी त्रिवेणी गाउँपालिकाका अध्यक्ष घनश्याम गिरीले आफ्ना विचार यसरी व्यक्त गर्छन् :

*"हामीलाई सुरुमा डीआरएस प्रति धेरै विश्वास थिएन किनभने यो एउटा जटिल मुद्दा थियो। लामो समयदेखिको समस्यालाई केही विदेशीहरू यहाँ आएर समाधान गर्न सक्छन् भन्नेमा हामीलाई विश्वास थिएन। तर डीआरएसले राम्रो नतिछौँ।"*

**४.४. विश्व बैंक व्यवस्थापन**

विश्व बैंक व्यवस्थापनले डिआर प्रक्रियाबाट भएका सिकाईहरू कसरी लागू गरिसकिएको छ भन्नेबारेमा केही उदाहरणहरू प्रस्तुत गरे। जस्तै, प्रभावित समुदायका सदस्य र उजुरीकर्ताहरूका सरोकारका विषयको सम्बोधनमा ध्यान केन्द्रित गर्न परीक्षण कार्यक्रमका रूपमा नेविप्राका कर्मचारीहरूका लागि मेलमिलाप तालिम आयोजना गर्न बैंकले सहकार्य गऱ्यो। बैंकका कर्मचारीहरूले बताएअनुसार हेटौंडा-इनरुवा प्रसारण लाइनको निर्माणमा समुदायबाट अवरोध भइरहेको हटिया बस्तीमा नेविप्राका कर्मचारीले आफ्नो नयाँ ज्ञान र सीप प्रयोगमार्फत गरेको प्रयासले समुदायलाई एकै ठाउँमा ल्याउनसक्ने सम्भावना बढेको छ। डीआरएस प्रक्रियाको पर्यवेक्षकको रूपमा नेपालस्थित बैंकका कर्मचारीहरूले डीआरएस टोलीबाट सिकेका प्रविधिहरू नेपालमा विश्व बैंकको सहयोगमा सञ्चालित अन्य परियोजनाहरूमा उपयोगी साबित हुने विश्वास व्यक्त गरे।

प्रक्रियाको अवलोकन गरेको सम्बन्धमा सामाजिक विकास विशेषज्ञ श्री प्रेम खनालले आफ्नो धारणा यसरी व्यक्त गर्नुभयो :
*"समुदायहरूसँग आधारभूत विवाद समाधानका विधिहरू सिक्नका लागि मात्र होइन विवादित पक्षहरू बीचको वार्ता प्रक्रियाको साक्षी बन्ने यो पक्कै पनि ठूलो अवसर थियो। किनभने बैंकको कर्मचारीका रूपमा हामी परियोजनासँग सम्बन्धित विवादहरूमा समुदायहरूसँग*

*वार्तामा संलग्न हुँदैनौं र वार्तामा पर्यवेक्षकको भूमिका निभाउने अवसर विरलै पाउँछौं। उच्च गुणस्तरको वार्तालाप कौशलबाट म प्रभावित छु जुन अनुभवी पेशाकर्मीहरूले वार्ता अघि गरिएको आधारभूत काममा आधारित थियो र जसले वार्ता प्रक्रियाको सफलतामा महत्त्वपूर्ण भूमिका खेलेको थियो। निरन्तर मतभेदका बाबजुद पनि वार्ता जारी राख्न पक्षहरूलाई अनुकूल वातावरण सिर्जना गर्न र कायम राख्नमा वार्ताअघि नै पक्षहरूबीच छलफल र सहमति गरी तय गरिएका वार्ताका आधारभूत नियमहरू महत्त्वपूर्ण थिए भन्ने म विश्वास गर्छु। वार्ताको क्रममा आधारभूत नियमहरू कसरी लागू गरिँदो रहेछ भन्ने देख्दा त्यो शैली अत्यन्तै प्रभावशाली रहेको पाएँ। एउटा उदाहरणः नेपालमा छलफलको सामान्य अभ्यासका विपरीत सहभागीहरू धेरै कुरामा असहमत भए पनि कुनै अवरोधबिना अरूको कुरा सुनेको र आफ्नो पालो आउँदा संयमतापूर्वक असहमति राख्दै गरेको मैले देख्न पाएँ। साथै मैले पक्षहरूलाई आन्तरिक छलफल गर्नका लागि अवसर प्रदान गर्न, विशेषगरी वार्ता रोकिएको अवस्थामा, केही समय दिएको देखेँ, जुन एक प्रभावकारी साधन थियो किनभने यसले तनावपूर्ण अवस्थाहरूलाई हटाउन मद्दत गर्‍यो र टोलीहरूलाई केही भिन्न तरिकाले सोच्ने अवसर प्रदान गर्‍यो।"*

प्रमुख ऊर्जा विशेषज्ञ फ्यानी मिसफेल्ड-रिन्गियसले भनिन्,

*"परियोजनाहरूले कार्यान्वयन निकाय र प्रभावित समुदायहरूबीच लामो समयदेखि रहिआएका विवादको सामना गर्नु पर्दा अगाडि बढ्ने कुनै उपाय भेट्नु दुवै पक्षलाई प्रायः चुनौतीपूर्ण हुने गर्छ। दुम्किबासको मुद्दामा डीआरएसले सहजीकरण गरेको समाधानहरूले ती विवादहरूलाई समाधान गर्नुका साथै नेपाल कार्यालयका लागि महत्त्वपूर्ण ज्ञान पनि दिएको छ। अन्य संयन्त्रहरूले दिगो र सन्तोषजनक समाधान दिन असफल भएको अवस्थामा डीआरएसले सफलतापूर्वक विवादित पक्षहरूलाई दुवैलाई स्वीकार्य सहमतिमा ल्याउने काम गर्‍यो।"*

जुन् २०२३ मा विश्व बैंकको काठमाडौंस्थित नेपाल कार्यालयले नेपालको ऊर्जा क्षेत्रका सन्दर्भमा सहकार्य अभिवृद्धि गर्न बहु-दाता सिकाइ आदानप्रदान कार्यक्रमको आयोजना गर्‍यो र त्यसमा डीआरएस तथा जवाफदेहिता संयन्त्र सचिवलाई विवाद समाधानसम्बन्धी आफ्ना अनुभव राख्न आमन्त्रित गर्‍यो। सहभागीहरूमा दक्षिण एसिया क्षेत्रका लागि विश्व बैंकका उपाध्यक्ष मार्टिन रेजर र एसियाली विकास बैंक, युरोपियन इन्भेस्टमेन्ट बैंक, युरोपियन युनियन र ओपेक फण्ड फर इन्टरनेसनल डेभेलपमेन्टका प्रतिनिधिहरू समावेश थिए।

फेब्रुवरी २०२४ मा विश्व बैंकको काठमाडौंस्थित नेपाल कार्यालयले माल्दिभ्स, नेपाल र श्रीलंकामा रहेका विश्व बैंकका कर्मचारीहरूका लागि डीआरएस टोली र मेलमिलापकर्ताहरूका अनुभवहरू सुन्न र जवाफदेहिता संयन्त्रले कसरी काम गर्छ, र यस क्षेत्रका बैंकका परियोजनाहरूसँग सम्बन्धित विवाद निवारण र व्यवस्थापन गर्न विवाद समाधानका सिद्धान्तहरू र विधिहरू कसरी प्रयोग गर्न सकिन्छ भन्नेबारे कर्मचारीहरूको प्रश्नहरूको जवाफ दिन एउटा आन्तरिक हाइब्रिड (अनलाइन र व्यक्तिगत) सिकाइ कार्यक्रमको आयोजना गरेको थियो।

नेपालका लागि विश्व बैंकका देशीय निर्देशक फारिस हदाद-जेर्भोसको निष्कर्ष:
*"दुम्किबास मुद्दा सरकार, नेविप्रा र बैंक टोलीका लागि बहुमूल्य सिकाइ अनुभवका रूपमा रहेको थियो। यस मुद्दाबाट भएका सकारात्मक सिकाईहरूले अन्य टोलीहरूलाई समान परिस्थितिहरूमा समाधानहरूमा पुग्न मद्दत गर्न सक्छ। नेविप्राका कर्मचारीहरूका लागि विश्व बैंक-समर्थित मेलमिलाप तालिम जस्ता पहलहरूमार्फत हामी व्यक्तिहरूलाई द्वन्द्वहरू समाधान गर्न सशक्त बनाउँदैछौं जसले गर्दा सामुदायिक संलग्नता सबल बनोस् र विश्वास बढ्न सकोस्। यो कुरा नेपालको आफ्नै हरित, उत्थानशील र समावेशी विकास (ग्रिड) एजेन्डाको केन्द्रबिन्दु पनि हो।"*

****

यस मुद्दासँग सम्बन्धित सार्वजनिक कागजपत्रहरू अनलाइन उपलब्ध छन्।